# स्थानीय तहहरुको असल अभ्यास सम्बन्धी अनुभव आदानप्रदान कार्यक्रम सम्पन्न

उदयपुर जिल्ला समन्वय समितिका प्रमुख श्री गौर बहादुर बिश्वकर्माको अध्यक्षता साथै प्रमुख जिल्ला अधिकारी श्री प्रेम प्रसाद लुँईटेलको बिशेष आतिथ्यतामा जिल्ला समन्वय समितिका सदस्यहरु, सहायक प्रमुख जिल्ला अधिकारी र उदयपुर जिल्लाका सबै स्थानीय तहका प्रमुख प्रशासकिय अधिकृतहरुको उपस्थितिमा यहि मिति २०८२ भाद्र ४ गते उदयपुर जिल्ला समन्वय समितिको सभाहलमा स्थानीय तहहरुको असल अभ्यास सम्बन्धी अनुभव आदानप्रदान कार्यक्रम सम्पन्न भयो।

आर्थिक बर्ष २०८२।८३ देखि जिल्ला समन्वय समितिको भुमिकालाई अझ बढी प्रभावकारी बनाउने उद्देश्यका साथ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहका असल अभ्यास, अनुभव एवम् सिकाई आदान प्रदान कार्यक्रम आयोजना गर्नको लागि दिईएको निर्देशानुसार कार्यक्रम आयोजना गरिएको थियो। स्थानीय तहको असल अभ्यास सम्बन्धी अनुभव आदान प्रदान कार्यक्रम बिगतमा प्रदेशस्तरमा आयोजना हुने गरेको तर जिल्लास्तरमा आयोजना नहुँदा प्रभावकारी हुन सकेको थिएन। यस कार्यक्रममा उठेका बिषयबस्तु र छलफलमा आएका स्थानीय तहका असल अभ्यासहरु जिल्ला समन्वय समिति मार्फत संकलन गरी आ.ब २०८२।८३ को दोस्रो चौमासिकमा कोशी प्रदेशस्तरमा अनुभवको आदानप्रदान कार्यक्रम सन्चालन हुनेछ।

उक्त कार्यक्रममा जिल्ला समन्वय अधिकारी श्री आशिष अर्याललले जिल्ला समन्वय समितिको नेपालको संबिधान र अन्य कानूनहरुले तोकेबमोजिमका भूमिकाहरु साथै स्थानीय तहहरुसँगको समन्वय, आर्थिक बर्ष २०८१।८२ मा जिल्ला समन्वय समिति उदयपुरबाट भएका महत्वपूर्ण कार्यहरु लगायत विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्नको लागि अनुगमनको महत्वका अलावा विकास निर्माण, गैर सरकारी संस्था, निजी क्षेत्र, विवाद समाधान, विपद व्यावस्थापन, अध्ययन अनुसन्धान तथा निति निर्देशन लगायतका क्षेत्रमा जिल्ला समन्वय समितिलाई जोडेको बिषयमा प्रस्ट्याउनु भएको साथै स्थानीय तहहरुको असल अभ्यास र सिकाई आदानप्रदान कार्यक्रमको महत्व उल्लेख गर्नुभएको थियो।

यसैगरी उदयपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री प्रेम प्रसाद लुँईटेलले जिल्ला समन्वय समितिको प्रमुखको संयोजकत्वमा रहेको जिल्ला अनुगमन समितिको प्रभाबकारिता, यसले गरेका कामकारबाहीको प्रभाब लगायतका यस प्रकारको अनुभव आदान प्रदान कार्यक्रमबाट जिल्ला समन्वय समितिको भूमिका प्रभाबकारी बनाउने साथै स्थानीय तहहरुसँगको र बिचको आत्मियता बढ्नुका साथै एउटा स्थानीय तहमा भएको सफल अभ्यास अरु स्थानीय तहमा लागु गर्न समेत सहयोग पुग्ने, एक अर्काको समस्याहरुमा विचार विमर्श हुन गई समाधानको माध्यम खोज्न सहयोग पुग्ने र स्थानीय स्तरका समस्याहरु संघीय तथा प्रदेश स्तरका सम्बन्धित निकायमा पुर्याउन समेत सहयोग पुग्ने बिचार व्यक्त गर्नुभयो।

उदयपुर जिल्लाका आठ वटै स्थानीय तहका प्रमुख प्रशासकिय अधिकृत वा प्रतिनिधिहरुले आ-आफ्नो स्थानीय तहको परिचय, समग्र अबस्था, आम्दानी र खर्चको विवरण, बहुबर्षिय र समस्याग्रष्त योजना तथा कार्यक्रमको बिबरण, आ.ब २०८१।८२ मा सम्पादित उल्लेखनिय कार्यहरु, एक अनुकरणीय असल अभ्यास साथै स्थानीय तहले अनुभव गरेको समस्या, जिल्ला समन्वय समितिले गर्नुपर्ने समन्वय र सहजिकरणको क्षेत्र र अपेक्षा साथै स्थानीय तहको संघीय सरकारसँगको अपेक्षा लगायतका बिषयमा प्रस्तुति गर्नुभएको थियो।

कार्यक्रमका अध्यक्ष तथा जिल्ला समन्वय समिति प्रमुखले प्राकृतिक स्रोतको समुचित उपयोग र विपद जोखिम न्युनीकरण लगायतमा जिल्ला समन्वय समितिले खेलेको भुमिका, स्थानीय तहहरुले गर्नुभएका असल अभ्यासहरुको तथा सिकाईको आदान प्रदान गर्नको लागि आयोजना भएको यस्तो प्रकारको कार्यक्रमले स्थानीय तहहरुबिचको सम्बन्धलाई मजबुत बनाउनुका साथै जिल्ला समन्वय समितिसंग स्थानीय तहहरुको सम्बन्ध सुमधुर हुँदै जाने बिषयमा समेत स्पष्ट गरी यस प्रकारका कार्यक्रमले जिल्ला समन्वय समितिलाई समन्वय गर्न सहजीकरण हुनाका साथै स्थानीय तहका समस्यहहरुमा बिचार विमर्श हुन गई सहज हिसाबले समाधान गर्न सकिने बिषय जोड्दै कार्यक्रम समापन गर्नुभएको थियो।

**मिति : २०८२।०५।०४**
**जिल्ला समन्वय समितिको कार्यालय, गाईघाट**




प्र.जि.अ श्री प्रेम प्रसाद लुँईटेलबाट निर्देशन सहित मन्तब्य




जिल्ला समन्वय समिति प्रमुखज्युबाट समापन मन्तब्य




उपस्थित सहभागीहरुको सामुहिक फोटो




प्रमुख जिल्ला अधिकारीसँग जिल्ला समन्वय अधिकारी र प्रमुख प्रशासकिय अधिकृतहरु




*माथिबाट क्रमश : बेलका नगरपालिका, त्रियुगा नगरपालिका, ताप्ली गाँउपालिका, रौतामाई गाँउपालिकाको प्रस्तुती*











*माथिबाट क्रमश : लिम्चुङ्गबुङ्ग गाँपालिका, चौदण्डीगढी नगरपालिका, उदयपुरगढी गाँउपालिका, कटारी नगरपालिकाको प्रस्तुती*